**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 26.05.2024**

- **CM Darjeeling**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ किराँती खम्बु राई सांस्कृतिक संस्थानको तत्वावधानमा हिजोदेखि दार्जीलिङको चौरास्तामा आयोजित दुई दिवसीय साकेवा उँभौली महोत्सवको समापन समारोमा मुख्य अतिथि हुनुहुन्थ्यो। यस अवसरमा अन्य बाहेक गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख श्री अनित थापा र दार्जीलिङका विधायक श्री निरज जिम्बा हुनुहुन्थ्यो। कार्यक्रमको पूर्वार्धमा घुम रेलवे स्टेशनदेखि चौरस्तासम्म सिल्ली समूहको एउटा शोभायात्रा आयोजना गरियो। कार्यक्रममा विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गर्ने दशजना खम्बुहरूलाई अभिनन्दन पनि जनाइयो। आफ्नो सम्बोधनमा श्री तामाङले सिक्किम र दार्जीलिङ अलग अलग राज्यमा भए तापनि जातीय पहिचान र एकताको निम्ति सबै एक हुनुपर्ने मन्तव्य व्यक्त गर्नुभयो। सबैले आफ्नो भाषा र संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने कुरामाथि जोड दिँदै उहाँले आजको कार्यक्रमले सिक्किम र दार्जीलिङबीचको भातृत्व र एकतालाई अझ बल पुग्ने बताउनुभयो।

---------------------------------------X---------------------------------------

- **LS Election**

लोकसभा चुनाउको छैटौं चरणमा हिजो एक्सट दशमलौ सात-छह प्रतिशत मतदान दर्दा गरियो। छह राज्य र दुईवटा केन्द्रशासित प्रदेशका अन्ठाउनवटा आशनमा हिजो शान्तिपूर्ण मतदान सम्पन्न भयो। यस चरणमा उत्तर प्रदेशका चौध आशन, हरियाणाका सबै दश, बिहार र पश्चिम बंगालका आठ-आठ, दिल्लीका सबै सात, ओडिशाका छह, झारखण्डका चार र जम्मू-कश्मीरको एउटा संसदीय आसनमा मतदान भयो। जम्मू-कश्मीरको अनन्तनाग-राजौरी लोकसभा आसनमा चौवन प्रतिशतभन्दा अधिक मतदान भयो, जुन विगत पैंतीस वर्षमा सबैभन्दा अधिक हो। बिहारमा पच्पन प्रतिशतभन्दा अधिक, हरियाणामा लगभग बहसट प्रतिशत, झारखण्डमा लगभग चौंसट प्रतिशत र दिल्लीमा लगभग अन्ठाउन प्रतिशत मतदान भयो। ओडिशामा एकहतर प्रतिशत मतदान भयो, जबकि उत्तर प्रदेशमा चौवन प्रतिशत र पश्चिम बंगालमा अस्सी प्रतिशत मतदान दर्ता भयो। यस चरणमा कुल आठ सय उनानब्बेजना उम्मेदवार मैदानमा थिए। यसमा भाजपाका वरिष्ठ नेता श्री धर्मेन्द्र प्रधान, श्रीमती मेनका गान्धी, श्री मनोहर लाल र श्री मनोज तिवारी, कंग्रेस नेता श्री दीपेन्द्र सिंह हुड्डा, श्रीमती कुमारी शैलजा, श्री राज बब्बर र श्री कन्हैया कुमार शामेल छन्। समाजवादी पार्टीका नेता श्री धर्मेन्द्र यादव र PDP प्रमुख श्रीमती महबूबा मुफ्ती पनि मैदानमा छन्। हिजो ओडिशा विधानसभाका बयालीस आशनका लागि पनि मतदान भयो, जसमा लगभग एकहतर प्रतिशत मतदान दर्ता गरियो। छैटौं चरणको समापनका साथै अब अट्ठाइसवटा राज्य र केन्द्रशासित प्रदेशहरूमा चार सय छयासीवटा संसदीय निर्वाचन क्षेत्रहरूमा लोकसभा चुनाउका लागि मतदान पूरा भयो। अरुणाचल प्रदेश, सिक्किम, आन्ध्र प्रदेश र ओडिशाका एक सय पाँचवटा विधानसभा आशनका लागि पनि मतदान सम्पन्न भइसकेको छ। लोकसभा चुनाउको सातौं र अन्तिम चरणमा एक जूनमा सन्ताउनवटा आशनमा मतदान हुनेछ। लोकसभा चुनाउको गन्ति चार जूनमा हुनेछ।

---------------------------------------X---------------------------------------

- **LS MP Welcome**

लोकसभा चुनाउ समाप्त हुन र परिणामको घोषणामा अब केही दिन बाँकी छ। यस्तोमा संसदमा नवनिर्वाचित सांसदहरूको स्वागतको तयारी युद्ध स्तरमा चलिरहेछ। लोकसभा सचिवालयले व्यापक व्यवस्था गरिरहेछ अनि यसका लागि अधिकारीहरूको विशेष टोली गठन गरिएको छ।

---------------------------------------X---------------------------------------

- **Blood Donation Camp**

सोरेङ जिल्लाको थर्पूस्थित श्रीजङ्गा सांस्कृतिक भवनमा आज रक्तदान एवं निःशुल्क स्वास्थ्य शिविर आयोजना गरियो। शिविरको आयोजना स्थानीय थर्पू ब्ल्याक स्टार सोसाइटीले गान्तोकको एसटीएनएम अस्पताल र सोरेङ अस्पतालसितको सहकार्यमा गरेको हो। यस अवसरमा जम्मा छयासीजनाले स्वेच्छिक रक्तदान गरे भने एक सय छहजनाको स्वास्थ्य जाँच गरियो। यो शिविर निरन्तर सामाजिक कार्यहरू गर्दै आएको यस समाजले आज पहिलोपल्ट आयोजना गरेको हो। यसको प्रमुख उद्देश्य क्षेत्रवासीलाई रक्तदानप्रति प्रेरित गर्नु रहेको थियो।

---------------------------------------X---------------------------------------

- **Sports**

पाकिम जिल्ला क्रिकेट समितिद्वारा सिक्किम क्रिकेट संगठन (सिका)-सितको सहकार्यमा आयोजित अन्तर विद्यालय क्रिकेट प्रतियोगिता 2024-को फाइनल खेल आज सन्त जेभियर विद्यालयको खेल मैदानमा खेलियो। आज खेलिएका दुईवटा फाइनल खेलअन्तर्गत महिला वर्गको पहिलो खेलमा अम्बा माध्यमिक विद्यालयको भिड़न्त रम्फू वरिष्ठ माध्यमिक विद्यालयसित भयो। यसमा अम्बा विद्यालय विजयी बन्न सफल बन्यो। यसरी नै पुरष वर्गमा खेलिएको दोस्रो खेलमा रिनाक वरिष्ठ माध्यमिक विद्यालयले सन्त जेभियर विद्यालयमाथि जित दर्ता गऱ्यो। कार्यक्रमका मुख्य अतिथि पाकिमका जिल्लाधीश श्री टाशी छोपेलले आफ्नो सम्बोधनमा यस प्रकारको प्रतियोगिता आयोजन गरेर युवा विद्यार्थीहरूलाई उनीहरूको कौशल विकासका निम्ति अवसरको सिर्जना गरेकोमा आयोजकप्रति कृतज्ञता व्यक्त गर्नुभयो। श्री छोपेलले खेलकुदको क्षेत्रमा महिलाहरूको सहभागिताका निम्ति सराहना व्यक्त गर्दै उनीहरूको क्षमतालाई निखार्न र वृद्धि गर्नमा प्रशिक्षकहरूले पुऱ्याएको समर्पणको सम्मान गर्नुभयो। सिकाका वरिष्ठ प्रशिक्षक श्री सोनाम पाल्देन भोटियाले नानीहरूको समग्र विकासमा संगठनले चालेको प्रयासमाथि प्रकाश पार्नुभयो। उहाँले खेल प्रशिक्षणबाट उनीहरूको पारस्परिक कौशलमा वृद्धि हुनका साथै उनीहरूका साथी र शिक्षकहरूबीच सम्बन्ध प्रगाड़ हुने कुरामाथि जोड़ दिनुभयो। महिला वर्गमा अम्बा विद्यालयकी नोरमित लेप्चा र पुरूष वर्गमा रिनक विद्यालयका बिटु कुमार साहलाई खेलका उत्कृष्ट खेलाड़ी चयन गरियो।

---------------------------------------X---------------------------------------